स्थानीय सरकार
धुर्कोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बर्बोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८३/०८४
च.न.:

**औद्योगिक ग्राममा उद्योग सञ्चालनका लागि प्रस्ताव आह्वान सम्वन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८३।०५।०२**

यस धुर्कोट गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालय अन्तर्गत धुर्कोट औद्योगिक ग्राममा नयाँ उद्योग स्थापना तथा सञ्चालन गर्न इच्छुक नेपाली नागरिक, फर्म, वा कम्पनीहरूबाट निम्न सर्तहरूको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३।०५।१७ गते) भित्र प्रस्ताव पेस गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**उद्योग सञ्चालन गर्न सकिने उद्योगका प्रकार:**

१. घरेलु तथा साना उद्योगहरू
२. कृषि तथा वन पैदावारमा आधारित उद्योग
३. पर्यटन प्रवर्द्धन र हस्तकलाका उद्योग
४. सूचना प्रविधि र सेवामूलक उद्योग

**आवश्यक योग्यता तथा सर्तहरू:**

१. आवेदक नेपाली नागरिक वा नेपाल सरकारको कानुन बमोजिम दर्ता भएको फर्म वा कम्पनी हुनुपर्नेछ।
२. उद्योग दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र विस्तृत परियोजना प्रस्ताव समेत पेस गर्नुपर्नेछ।
३. युवा उद्यमी, महिला र अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित उद्योगलाई प्राथमिकता दिइनेछ।
४. तोकिएको समयावधि भन्दा ढिलो प्राप्त भएका वा रीत नपुगेका आवेदनहरू उपर कुनै कारबाही हुनेछैन।

**फर्म सञ्चालन गर्ने नेपाली नागरिक, फर्म, वा कम्पनीहरूलाई गाउँपालिका बाट निम्नानुसारको सुविधा उपलब्ध हुनेछ ।**

१. मेसिनरी तथा औजारमा मात्र ८० प्रतिशत अनुदान वा लागत अनुमानको आधारमा बढीमा रु ४ लाख उपलब्ध गराईनेछ ।
२. २ वर्ष सम्म जग्गा/भवन निःशुल्क उपयोग गर्न पाइनेछ ।
३. २ बर्ष पछि कार्यपालिकाको निर्णय अनुसार जग्गा/ भवनको भाडादर निर्धारण गरे बमोजिम हुनेछ ।
४. अनुदान प्राप्त गरी कम्तीमा ५ बर्ष सम्म निरन्तर उद्योग सञ्चालन नगरेमा उक्त अनुदानबाट प्राप्त गरेको मेसिनरी तथा औजार गाउँपालिकाको हुनेछ ।

**प्रस्ताव पेश गर्ने स्थान** : धुर्कोट गाउँपालिकाको कार्यालय

**थप जानकारीका लागि सम्पर्क:** ९८५७०६४७७१

*पुनश्चः प्रस्तावको ढाँचा गाउँपालिकाको* ***Website*** *बाट डाउनलोड गर्नु पर्नेछ ।*

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत